# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/०८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु उर्मिला खड्का के.सी. भन्ने उर्मिला खड्का, राम प्रसाद काफ्ले, महेश्वर काफ्ले, होम बहादुर श्रेष्ठ, निमेष मिश्र, सुबोध कुमार चापागाई, सृजना दुवाल, विजय लुईटेल, राम बहादुर कार्की, ईराजन पोखरेल, माण्डवी पोखरेल र नम्रता महत मु.नं (०८०-CR-०१२३) फैसला मिति २०८१/०२/०९ | गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **प्रतिवादीहरु तामाकोशी गाउँपालिकाका तत्कालीन उपाध्यक्ष उर्मिला खड्का, वडा नं.१ का तत्कालीन वडा अध्यक्ष महेश्वर काफ्ले,वडा नं. ४ का तत्कालीन अध्यक्ष होम बहादुर श्रेष्ठ र वडा नं. ३ का तत्कालीन र हालका वडा अध्यक्ष राम प्रसाद काफ्लेलाई** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) को बमोजिमको कसुरमा सोही ऐनको दफा १९(२)बमोजिम सजाय हुन,तत्कालीन **प्रमुख प्रशासकीय अधिकृत निमेष मिश्र, लेखा अधिकृत विजय लुईटेल, लेखापाल राम बहादुर कार्की,इन्जिनियर सुबोध कुमार चापागाई र सब-इन्जिनियर सृजना दुवाललाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिमको कसूरमा बिगो रु.१२,८९,३२०।— कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र **प्रतिवादीहरु उपभोक्ता समितिका अध्यक्ष ईराजन पोखरेल,सचिव नम्रता महत र कोषाध्यक्ष माण्डवी पोखरेललाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु. १२,८९,३२०।— कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन समेतको मागदावी लिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरु उर्मिला खड्का के.सी.भन्ने उर्मिला खडकासमेतले आरोपदावी बमोजिमको कसूरबाट सफाई हुने ठहर भई विशेष अदालतबाट फैसला भएको अवस्था छ। | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीहरुले आरोप दावी बमोजिमको कसूर गरेको पुष्टि भएको देखिएन।<br>• प्रतिवादीहरुले फिल्डमा भएको काम भन्दा बढी काम देखाई नापी किताव र कार्य सम्पन्न प्रतिवेदन तयार गरी बढी भुक्तानी लिई नेपाल सरकारलाई हानि नोक्सानी गरी नीजि लाभ लिएको नदेखिएको। | • जिल्ला दोलखा,तामाकोशी गाउँपालिकाको आ.व.०७७/०७८ मा उक्त गाउँपालिकाको वडा नं. ३ स्थित सभाहल तथा सार्वजनिक शौचालय निर्माणमा गर्न बनेको उपभोक्ता समिति,अनुगमन समिति,वडा अध्यक्ष र प्राविधिक सहितको मिलेमतोमा गैरकानूनी तवरबाट बजेट निकासा गरी अनियमितता भएको भन्ने समेत बेहोराको आयोगको कार्यालयमा दर्ता हुन आएको उजुरी निवेदनमा थप अनुसन्धान पश्चात विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको प्रस्तुत मुद्दामा उक्त योजनामा १२ वटा पिलरको Footing को भवनको लागत अनुमान अनुसार Footing को साइज ७'*७', ६'-6"*६'-6" र ६'*६' हुनुपर्नेमा फिल्डमा सबै Footing को साइज 5'*5' को निर्माण गरी साईज अपर्याप्त निर्माण गरेको साथै स्थलगत नापजाँच गर्दा भवनको दुई ओटा डायागोनल लम्बाइ पनि फरक परेको देखिएको र उक्त सभाहल हाल सम्म सन्चालमा समेत नआएको भन्ने समेत व्यहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,हेटौंडाको मिति२०८०/०२/१२ र मिति२०८०/०८/०६ को प्राविधिक फिल्ड प्रतिवेदनहरु रहेको देखिन्छ भने उक्त प्रतिवेदनको व्यहोरालाई समर्थित हुने गरी प्रतिवेदकहरु प्रविन वाग्ले र हेम बहादुर के.सी.ले अदालतमा उपस्थित भई बकपत्र गरिदिएको देखिन्छ।जफे सभाहल तथा शौचालय निर्माण कार्य सम्बन्धमा गठित छानविन समितिको प्रतिवेदनले समेत सभा हल निर्माणका क्रममा प्राविधिकले दिएको नाप अनुसार समन्वय नगरेर Diagonal तथा लम्बाइमा फरक परेको भन्ने समेत व्यहोरा उल्लेख गरेबाट उक्त सभाहल निर्माणमा कैफियत रहेको देखिन्छ।अनुसन्धानको क्रममा प्राप्त तथ्यहरुबाट लागत अनुमान तयार गर्दा भवनको Plinth Area १००० Square Feet भन्दा बढी भएकोमा भवन आचार संहिता अनुसार भवनको Structual Analysis गरी डिजाइन गर्नु पर्नेमा सो नगरी भवन आचार संहिताको पालना नगरी Mandatory Rule of Thumb को आधारमा भवनको लागत अनुमान तयार गरेको, तयार गरेको लागत अनुमान समेत अधुरो संरचनाको लागत अनुमान तयार गरेको, हालसम्म सो भवन संचालनमा नआइ अलपत्र अवस्थामा रहेको र भवनको १२ वटा पिलरको Footing साइज लागत अनुमान अनुसार नबनाई अपर्याप्त निर्माण गरेको कारण सो भवनको भारवहन क्षमतामा असर पुग्न सक्ने हुँदा यसमा मनासिव कारण विना निर्माण कार्यको आकार वा रुप परिवर्तन गर्ने तथा निर्धारित शर्त तथा मापदण्ड विपरीत निर्माण कार्य गरी प्रतिवादीहरुले गाउँपालिकालाई गैरकानूनी हानिनोक्सानी पुर्याउने बद्नियतले एक आपसमा मिलेमतो गरी उपभोक्ता समितिलाई भुक्तानी दिने/लिने कार्य गरेको पुष्टि भई रहेको अवस्थमा मिसिल संलग्न उक्त प्रमाणहरुको मुल्याङ्कन नगरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिंदा बदर भागी छ।<br>• प्रतिवादीहरुले जिल्ला दोलखा, तामाकोशी गाउँपालिकाको आ.व.०७७/०७८ मा उक्त गाउँपालिकाको वडा नं. ३ स्थित सभाहल तथा सार्वजनिक शौचालय निर्माणमा गर्न बनेको उपभोक्ता समिति,अनुगमन समिति,वडा अध्यक्ष र प्राविधिक सहितको मिलेमतोमा भुक्तानी लिने दिने कार्य गरी नेपाल सरकारलाई गैरकानुनी हानि पुऱ्याएको भन्ने उक्त योजनामा १२ वटा पिलरको Footing को भवनको लागत अनुमान अनुसार Footing को साइज ७'*७', ६'-6"*६'-6" र ६'*६' हुनुपर्नेमा फिल्डमा सबै Footing को साइज 5'*5' को निर्माण गरी साईज अपर्याप्त निर्माण गरेको साथै स्थलगत नापजाँच गर्दा भवनको दुई ओटा डायागोनल लम्बाइ पनि फरक परेको देखिएको भन्ने समेत व्यहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,हेटौंडाको मिति २०८०/०२/१२ र मिति २०८०/०८/०६ को प्राविधिक फिल्ड प्रतिवेदनहरु रहेको देखिन्छ भने उक्त प्रतिवेदनको व्यहोरालाई समर्थित हुने गरी प्रतिवेदकहरु प्रविन वाग्ले र हेम बहादुर के.सी.ले अदालतमा उपस्थित भई बकपत्र गरिदिएको अवस्थामा प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरी गैरकानूनी लाभ हानी पुर्याउने बदनियतले उपभोक्ता समितिलाई भुक्तानी लिने/दिने कार्य गरे/गराएको पुष्टि भई रहेको अवस्थमा उक्त प्रमाणहरुलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम प्रमाण ग्रहण गर्नुपर्नेमा प्रमाणहरुको मुल्याङ्कन नगरी प्रतिवादीहरुले नेपाल सरकारलाई हानि नोक्सानी गरी नीजि लाभ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लिएको नदेखिएको भन्ने आधार लिई प्रतिवादीहरुलाई आरोपदावीबाट नै सफाई हुने ठहर गरी भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण रहि बदरभागी रहेको छ।<br>• अतः माथि विवेचित आधार र कारण समेतबाट प्रतिवादीहरु उर्मिला खड्का के.सी.भन्ने उर्मिला खडकासमेतलाई आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |